# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

वर्ष १ अंक १ २०७५ बैशाख २८ गते शुक्रवार


## भाग ३

कालिगण्डकी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

पुर्तिघाट, गुल्मी

५ नं. प्रदेश नेपाल

# कालिगण्डकी गाउँपालिकाको

# विपद् कोष व्यवस्थापन कार्यविधि २०७४

सम्वत् २०७४ सालको कार्यविधि नं. १ स्वीकृत मिति २०७५ बैशाख २८ गते शुक्रबार

## प्रस्तावना

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवेदनशील देशहरु मध्ये एक हो। अव्यवस्थित बसोवास, बसाइसराई, वन फडानी वन तथा सर्वजनिक जगाको अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम,जनचेतनाकोकमी आदि जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु भई सकेको छ। यस्ता प्रकारका विपदबाट जीउधन माथी भएको क्षति त छदैछ, भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ। यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि विपद्कोष व्यवस्थापन कार्यविधि २०७४ लागू गरिएको छ।

## उद्देश्य :-

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्काले राहत उपलब्ध गराउनु।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक नबनाई उपचार मूलक बनाउनु।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्था तथा विकास गर्नु।

## परिच्छेद – एक

## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधिको नाम 'कालिगण्डकी गाउँपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४' रहनेछ।

(२) यो निर्देशिका :- कालिगण्डकी गाउँपालिकाको मिति २)७४ को कार्यपालिका बैठक बाट पारित गरी लागु गरिएको छ।

## परिच्छेद – दुई

(२) **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) विपद् कोष :- भन्नाले स्थानीय तहको संरचना अनुसार स्थापना भएको कोष सम्झनु पर्दछ।

(ख) कार्यविधि :- भन्नाले कालिगण्डकी गाउँपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ लाई बुझाउने छ।

(ग) गा.पा.भन्नाले :- कालिगण्डकी गाउँपालिकाको कार्यालय, गुल्मीलाई जनाउछ।

(घ) विपद् भन्नाले :- प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई जनको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ।

(ङ) प्राकृतिक विपद् भन्नाले :- बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, पहिरो तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ।

(च) गैर प्राकृतिक विपद् भन्नाले :- महामारी, अनिकाल, डढेलो, की आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानीर्दुघटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्या सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ।

(छ) विपद् व्यवस्थापन भन्नाले :- विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य वा पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ।

(ज) विपद् जोखिम न्यूनीकरण भन्नाले :- विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम,विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ।

(झ) पूर्व तयारी भन्नाले :- विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकार का तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ।

## परिच्छेद – तीन

**(३) व्यवस्थापन समिति गठन**

(१) विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ।

(१)गाउँपालिका अध्यक्ष – संयोजक

(२) गाउँपालिका उपाध्यक्ष – सदस्य

(३)विपद व्यवस्थापन समितिका संयोजक – सदस्य

(४) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(५)प्राविधिक शाखा प्रमुख – सदस्य

(६) स्थानीय प्रहरी चौकी ईन्चार्ज – सदस्य

(७) योजना शाखा प्रमुख – सदस्य सचिव

आवश्यकता परेमा विपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ।

**(४) समितिको काम कर्तव्य र अधिकार**

- गाउँपालिका विपद्कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने।
- गाउँपालिका विपद्कोष व्यवस्थापनको सञ्चालनका लागि योजना तर्जुमा गरी गाउँकार्यपालिका बाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाउँपालिकालाई सिफारिस गर्ने।

## परिच्छेद–चार

**(४) समितिको बैठक**

गणपुरक संख्या

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ।

(३) यस समितिका पदाधिकारीले बैठक बसको दिन गाउँपालिकाका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन्।

## परिच्छेद–पाँच

**(५) कोषको स्थापना र सञ्चालन**

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ।

(क) कालिगण्डकी गाउँपालिका बाट वार्षिक रुपमा आफ्नो आयबाट विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग।

(घ) स्थानीय तहबाट प्राप्त सहयोग

(ङ) अन्य स्रोत

(२) **कोषको सञ्चालन :–** यस कोषको रकम गाउँपालिका विपद् व्यवस्थापनकोषको खाता नं। मा जम्मा गरी स्थानीय तहको नियमानुसार हुनेछ।

(३) **कोषमा जम्मा भएको रकम :–** यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन।

(४) **लेखा परीक्षण :** यस कोषको आन्तरिक लेखा परीक्षण आ।ले।प।शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ।

(५) **खाता सञ्चालन :** यस कोषको खाता सञ्चालन स्थानीय तहको नियमानुसार हुनेछ।

(६) **रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ्ग फण्ड) को रुपमा रहने :**

क) कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहने छ।

ख) कोषलाई आवर्ती कोष (रिवल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ।

**स्पष्टिकरण :**

यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिवल्विङ्ग फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पूर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ।

## परिच्छेद – छ

**(६) उद्धार तयारी व्यवस्थापन :**

(क) विपद्को जोखिममा रहेको क्षेत्रको Risk Assesment तथा Hazard Mapping को व्यवस्था गर्ने।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई नगर विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय, स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुनर्स्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद – सात

**(७) आपतकालिन उद्धार तथा राहत वितरण :**

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.२००००/ सम्मका दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु २००००/- सम्म प्रति परिवार सहयोग उपलब्ध गराउने ।

(ग) बिरामीका] लागि रु २५०००/- सम्म प्रति परिवार सहया]ग उपलब्ध गराउने ।

(घ) घर गा]ठ नष्ट भएमा रु। १०००००/- सम्म प्रति परिवार राहत सहया]ग उपलब्ध गराउन] ।

(ङ) गा]ठ नष्ट भएमा रु। ३००००/- सम्म प्रति परिवार राहत सहया]ग उपलब्ध गराउन] ।

(च) विपद्को घटनामा परी घाइतेहुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.२,०००।- यातायात खर्च दिइनेछ। दुर्घटनाबाट सक्त घाइते भएको विरामीको लागि तत्काल उपचार गर्नु परेमा रु.८०००।- सम्म सहयोग उपलब्ध गराउने ।

(छ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

(ज) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलब्ध गराइने छ। तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम उपलब्ध गराउन प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गरिएको छ।

(झ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३) दिन भित्र प्रहरी सरजिमिन मुचुल्का ,घटना घटेको फोटो तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद – आठ

(८) अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :-

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिका बाट अनुगमन गरिनेछ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ।

## परिच्छेद – नौ

**(९) संशोधन तथा परिमार्जन सम्वन्धमा :-**

(१) गाउँपालिका विपद् व्यवस्थापन विशेष कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार कालिगण्डकी गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

## परिच्छेद – दश

**(१०) बचाउ :-**

१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा संघीय तथा प्रदेशबाट जारी हुने ऐन नियम संग बाझिएको हकमा बाझिए जति खारेजी हुनेछ।

२) यस अघि कालिगण्डकी गाउँपालिका बाट विपद राहत सम्बन्धी भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण

वेद बहादुर थापा

गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मिति :- २०७५ साल वैशाख महिना २८ गते शुक्रबार

आज्ञाले

बाबुराम पल्ली मगर

प्रमुख प्रशासकीय अधिकृत